# जिल्ला समन्वय समिति, सोलुखुम्बुको बैठक संख्या ३२ मिति २०८२ साउन ४ गतेको बैठकका प्रस्ताव तथा निर्णयहरु

<table>
<tr><th>सि.नं.</th><th>प्रस्ताव</th><th>निर्णयको बेहोरा</th></tr>
<tr><td>१)</td><td>निर्णय कार्यान्वयन समीक्षा</td><td>जिल्ला समन्वय समितिको बैठक संख्या ३१ मिति २०८२ साउन ४ गते बसेको बैठकका निर्णयहरुको कार्यान्वयन प्रगतिको सम्बन्धमा जिल्ला समन्वय अधिकारीद्वारा प्रस्तुत विवरण माथि छलफल तथा समीक्षा गरियो।</td></tr>
<tr><td>२)</td><td>अनुगमन तथा समन्वय सम्बन्धी सदस्यहरुलाई जिम्मेवारी निर्धारण सम्बन्धमा</td><td>नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का साथै नेपाल सरकार तथा कोशी प्रदेश सरकारका प्रचलित कानूनले जिल्ला समन्वय समितिलाई तोकेका काम, कर्तव्य र अधिकारलाई प्रभावकारी बनाउन जिल्लास्थित सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाद्वारा सञ्चालित विकास तथा कार्यक्रमहरुको कार्यान्वयनको अनुगमन मूल्याङ्कन तथा समन्वय गर्न जिल्ला समन्वय समितिका सदस्यहरुलाई देहाय बमोजिमको अनुगमन मूल्याङ्कन तथा समन्वयको जिम्मेवारी तोकी सम्बन्धित निकायलाई जानकारी समेत दिनेः
<table>
<tr><th>पदाधिकारीको नाम थर</th><th>जिम्मेवारी कार्य क्षेत्र</th></tr>
<tr><td>श्री कृष्ण प्रसाद निरौला</td><td>जिल्लाभरमा समग्र विषयक्षेत्रमा समन्वय र अनुगमनका लागि सदस्य परिचालन</td></tr>
<tr><td>श्री टिका माया मगर</td><td>जिल्लाभित्र सदस्यहरुलाई अनुगमन तथा समन्वयका लागि सदस्य परिचालन</td></tr>
<tr><td>श्री नारायण कुमार निरौला</td><td>नेचासल्यान गाउँपालिका</td></tr>
<tr><td>श्री सोमराज के.सी.</td><td>सोताङ गाउँपालिका र महाकुलुङ गाउँपालिका</td></tr>
<tr><td>श्री सीता कुमारी बस्नेत</td><td>थुलुङदुधकोशी गाउँपालिका</td></tr>
<tr><td>श्री पेम्बा शेर्पा</td><td>लिखुपिके गाउँपालिका र सोलुदुधकुण्ड नगरपालिका</td></tr>
<tr><td>श्री धर्मध्वज बस्नेत</td><td>-</td></tr>
<tr><td>श्री हिरामाया कामी</td><td>सोलुदुधकुण्ड नगरपालिका</td></tr>
<tr><td>श्री कमला नाछिरिङ राई</td><td>माप्य दुधकोशी गाउँपालिका र खुम्बु पासाङल्हामु गाउँपालिकाका नजिकका वडा</td></tr>
</table>
खुम्बु पासाङल्हामु गाउँपालिकाको हकमा आवश्यकतानुसार प्रमुख उपप्रमुखले समेत अनुगमन गर्ने। साथै, मासिक बैठकमा सदस्यहरुले आफूले गरेको कामको प्रतिवेदन समीक्षाका लागि पेश गर्ने ।</td></tr>
<tr><td>३)</td><td>करार सेवा नवीकरण तथा वैकल्पिक</td><td>जिल्ला समन्वय समितिको कार्यालयमा करार सेवामा कार्यरत ह.स.चा. अजित घिसिङ, ह.स.चा. बोधराज फुयाँल, का.स. दल बहादुर खत्री र का.स. अनुजा कुलुङको आ.व. २०८२/०८३ का लागि २०८२।०४।०१ देखि लागू हुने गरी करार म्याद थप सम्बन्धी निर्णय अनुमोदन गर्ने। साथै, का.स. मिङ्मार ल्हमु</td></tr>
</table>

<table>
<tr><td></td><td>कर्मचारी नियुक्ति सम्बन्धमा</td><td>तामाङ करार सेवाबाट अलग भएकाले कार्यालयको २०८२।०१।०९ को सूचना (करार पदपूर्ति सम्बन्धी नतिजा) बमोजिमको वैकल्पिक उम्मेदवारहरुमध्येबाट योग्यताक्रम १ मा रहेका सोलुदुधकुण्ड-५ निवासी नर बहादुर बस्नेतलाई सम्पर्कका लागि कार्यालयबाट मिति २०८२।०३।३२ मा प्रकाशित सूचना बमोजिम २०८२।०४।०१ मै सम्पर्कमा आएकाले कार्यालयको निर्णयानुसार करार नियुक्ति समर्थन गर्ने ।</td></tr>
<tr><td>४)</td><td>पूर्वाधार विकास कार्यालयका लागि भवन उपयोग सहमति सम्बन्धमा</td><td>सोलुखुम्बु जिल्लामा पूर्वाधार विकास कार्यालय नभएकोमा कोशी प्रदेश सरकारको निर्णयानुसार मिति २०८२ साउन २ गते सोलुखुम्बु जिल्लामा पूर्वाधार विकास कार्यालय उद्घाटन भएको र उक्त कार्यालय सञ्चालनका लागि पानी बिजुली, मर्मत सम्भार लगायतको दायित्व सम्बन्धित कार्यालयले नै बेहोर्ने गरी जिल्ला समन्वय समितिको कार्यालय भवनको तीन वटा ब्लकहरु मध्ये एउटा ब्लक भवन वा मुख्य भवनको भुइँतलाका सबै कोठाहरु पूर्वाधार विकास कार्यालय, सोलुखुम्बुलाई भवन आफ्नो कार्यालय भवन व्यवस्था नभएसम्मका लागि उपयोगका लागि सहमति दिने र कार्यालय प्रयोजन तथा अन्य निकायका कार्यालयहरुलाई उपयुक्त कोठामा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने।</td></tr>
<tr><td>५)</td><td>अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि मस्यौदा सम्बन्धमा</td><td>संविधान र प्रचलित कानूनले दिएको अधिकार र जिम्मेवारीलाई प्रभावकारी रुपमा कार्यसम्पादनको व्यवस्थाका लागि जिल्लास्तरीय अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि मस्यौदा गरी पेश गर्न नियमानुसार बैठक भत्ता र खाजाको व्यवस्थाका साथै आवश्यकतानुसार अन्य सदस्य आमन्त्रण गर्न सक्ने गरी देहायको मस्यौदा समिति गठन गर्ने:<br>संयोजक: टिकामाया मगर<br>सदस्य: पेम्बा शेर्पा<br>सदस्य सचिव: जिल्ला समन्वय अधिकारी</td></tr>
<tr><td>६)</td><td>आ.व. ०८१/८२ को आय व्यय समीक्षा सम्बन्धमा</td><td>जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बुलाई आर्थिक वर्ष २०८१।०८२ मा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमको आय व्यय सम्बन्धमा समीक्षा गरी वार्षिक प्रगति विवरण सभा समक्ष पेश गर्ने:
<table>
<tr><th>कार्यक्रम/क्रियाकलाप शीर्षक</th><th>बजेट</th><th>खर्च</th><th>बाँकी</th><th>प्र</th></tr>
<tr><td>२६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सशर्त चालु अनुदान</td><td>१५५८०</td><td>१२९१७</td><td>२६६३</td><td>८३%</td></tr>
<tr><td>पारिश्रमिक (स्वीकृत दरवन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा)</td><td>१०२८२</td><td>७९३३</td><td>२३४९</td><td>७७%</td></tr>
<tr><td>नीजि सचिवालय करार कर्मचारी (१ जना)</td><td>४४८</td><td>२४३</td><td>२०५</td><td>५४%</td></tr>
<tr><td>पानी तथा बिजुली, सञ्चार महसुल लगायत अन्य अनिवार्य दायित्व खर्च</td><td>३२९८</td><td>३२९१</td><td>७</td><td>१००%</td></tr>
<tr><td>कार्यक्रम खर्च (समिक्षा बैठक सहित)</td><td>३८८</td><td>३५०</td><td>३८</td><td>९०%</td></tr>
<tr><td>अनुगमन तथा भ्रमण खर्च</td><td>११६४</td><td>११००</td><td>६४</td><td>९४%</td></tr>
<tr><td>२६४१३ अन्य संस्थालाई अनुदान‘ सशर्त</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>सामाजिक विकास कार्यक्रमको अनुगमन खर्च</td><td>१००</td><td>१००</td><td>०</td><td>१००%</td></tr>
<tr><td>२७३१२ उपदान</td><td>३९२०</td><td>३९२०</td><td>०</td><td>१००%</td></tr>
<tr><td>२७३१३ सेवा निवृत्तको संचित विदा</td><td>११०४</td><td>११०४</td><td>०</td><td>१००%</td></tr>
<tr><td>२७३१४ सेवा निवृत्तको औषधी उपचार</td><td>१२२१</td><td>१२२१</td><td>०</td><td>१००%</td></tr>
<tr><td>कूल जम्मा</td><td>२१९२५</td><td>१९२६२</td><td>२६६३</td><td>८८%</td></tr>
</table></td></tr>
</table>

<table>
<tr>
<td>७)</td>
<td>आगामी आ.व.को बजेट तथा कार्यक्रम सम्बन्धमा</td>
<td>

जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बुलाई नेपाल सरकारबाट आ.व. २०८२/०८३ का लागि प्राप्त खर्च शीर्षक नं. २६४१२को वार्षिक बजेट तथा कार्यक्रम मध्ये क्रियाकलाप नं. १.३.५.९ लाई देहाय बमोजिम बाँडफाँट गर्ने निर्णय गरियोः

<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रम / क्रियाकलाप</th><th>ख.शी.नं.</th><th>इकाई</th><th>परि</th><th>बजेट</th></tr>
<tr><td colspan="5">आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु</td><td>रु. हजारमा</td></tr>
<tr><td>१.३.५.५</td><td>पारिश्रमिक (स्वीकृत दरवन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा)</td><td>२६४१२</td><td>जना</td><td>१</td><td>१०६००</td></tr>
<tr><td>१.३.५.६</td><td>निजी सचिवालय करार कर्मचारी (१ जना)</td><td>२६४१२</td><td>जना</td><td>१</td><td>४६२</td></tr>
<tr><td>१.३.५.९</td><td>अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी विजुली, संचार महशुल, ईन्धन, मर्मत, सवारी नविकरण, मसलन्द, तथा बिबिध खर्च आदि)</td><td>२६४१२</td><td>महिना</td><td>१२</td><td>३८००</td></tr>
<tr><td></td><td>सवारी साधन तथा अन्य मर्मत</td><td></td><td></td><td></td><td>९००</td></tr>
<tr><td></td><td>पानी बिजुली, सञ्चार महसुल, सवारी बिमा तथा नवीकरण लगायत विविध दायित्व</td><td></td><td></td><td></td><td>५००</td></tr>
<tr><td></td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td></td><td></td><td></td><td>९५०</td></tr>
<tr><td></td><td>इन्धन खर्च, अन्य इन्धन तथा विविध</td><td></td><td></td><td></td><td>६५०</td></tr>
<tr><td></td><td>मेसिनरी औजार, फर्निचर खरिद तथा मर्मत लगायत</td><td></td><td></td><td></td><td>३००</td></tr>
<tr><td></td><td>Dist Profile, कार्यविधि, निर्देशिका, प्रणाली तयारी खर्च (अनुगमन मूल्याङ्कन, कार्यसञ्चालन निर्देशिका लगायत)</td><td></td><td></td><td></td><td>१५०</td></tr>
<tr><td></td><td>समन्वय बैठक समीक्षा तथा अन्य विविध खर्च</td><td></td><td></td><td></td><td>३५०</td></tr>
<tr><td>१.३.५.१२</td><td>कार्यक्रम खर्च (वार्षिक प्रगति समीक्षा तथा स्थानीय तहको अनुभव आदान प्रदान सहित)</td><td>२६४१२</td><td>पटक</td><td>२</td><td>६००</td></tr>
<tr><td>१.३.५.१३</td><td>अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च</td><td>२६४१२</td><td>पटक</td><td>१</td><td>१४००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१६८६२</td></tr>
</table>

</td>
</tr>
<tr>
<td>८)</td>
<td>लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समिति गठन सम्बन्धमा</td>
<td>

अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका, २०७७ को दफा ३.२ मा भएको व्यवस्था अनुसार तपसिल बमोजिमको लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समिति गठन गरी समितिका पदाधिकारीहरुलाई जानकारी दिनेः

क) अध्यक्षः जिल्ला समन्वय समितिको प्रमुख श्री कृष्ण प्रसाद निरौला<br>
ख) सदस्यः जिल्ला समन्वय समितिको उपप्रमुख श्री टिकामाया मगर<br>
~~ग) सदस्यः अस्पताल विकास समितिको अध्यक्ष (प्रमुख आफै)~~<br>
घ) सदस्य सोलुदुधकुण्ड नगरपालिकाका उपप्रमुख श्री गान्धीमाया तामाङ<br>
ङ) सदस्यः खुम्बु पासाङल्हामु गाउँपालिकाका उपाध्यक्ष श्री टासी ल्हमु शेर्पा<br>
च) सदस्यः थुलुङदुधकोशी गाउँपालिकाका उपाध्यक्ष श्री सविता राई<br>
छ) सदस्यः नेचासल्यान गाउँपालिकाका उपाध्यक्ष श्री विना राई<br>
ज) सदस्यः महाकुलुङ गाउँपालिकाका उपाध्यक्ष श्री विपना कुलुङ<br>
झ) सदस्यः माप्यदुधकोशी गाउँपालिका उपाध्यक्ष श्री गौरव राई<br>
ञ) सदस्यः लिखुपिके गाउँपालिकाका उपाध्यक्ष श्री ङवाङ ल्हाक्पा शेर्पा<br>
ट) सदस्यः सोताङ गाउँपालिकाका उपाध्यक्ष श्री अञ्जु नाछिरिङ राई

</td>
</tr>
</table>